"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## DHARAN SUB-METROPOLITAN CITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनसरी, कोशी प्रदेश, नेपाल

Sunsari, Province Koshi, Nepal

पत्र संख्या :- २११-२०८०/८१    शिक्षा, युवा तथा खेलकुद महाशाखा / शाखा / उपशाखा

चलानी नं. :- ५२६४

**धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय**
**सुनसरी, कोशी प्रदेश**

## दर्ता तथा सूचिकृत हुने सम्बन्धी सूचना

उपर्युक्त सम्बन्धमा धरान उपमहानगरपालिकाको शिक्षा ऐन २०७८ को दफा २४ अनुसार नगर क्षेत्रमा ट्युसन कक्षा, भाषा शिक्षण कक्षा, होस्टल, ब्रिज कोर्ष, कोचिङ्ग कक्षा, पूर्व तयारी कक्षा सञ्चालन, पुस्तकालय सञ्चालन, नृत्य तथा संगित शिक्षा प्रशिक्षण केन्द्र सञ्चालन जस्ता शैक्षिक गतिविधीहरु स्वीकृती लिएरमात्र सञ्चालन गर्न पाउने व्यबस्था गरेको छ । यस्ता प्रकृतिका विद्यालय शिक्षा बाहेकका शैक्षिक गतिविधि हरुलाई व्यबस्थित गर्न नगर कार्यपालिका वाट **"विविध शैक्षिक कार्यक्रम ( विद्यालय शिक्षा वाहेक ) सञ्चालन अनुमति तथा नियमन निर्देशिका २०८० "** स्वीकृत गरी लागु गरेको छ । उक्त निर्देशिका अनुसार यस अघि अन्य कुनै निकायमा दर्ता भै हाल सञ्चालनमा रहेका त्यस्ता शैक्षिक गतिविधि सञ्चालन गर्ने संस्थाहरु सूचिकृत हुनु पर्ने र अब नयाँ सञ्चालन गर्न नगरपालिवाट स्वीकृति लिनु पर्ने भएकाले पहिले स्वीकृति लिएर सञ्चालन भएकाले यो सूचना प्रकाशन भएको मितिले तीन महिना भित्रमा सूचिकृत हुन र स्वीकृती नलिई सञ्चालन भएका साथै नयाँ सञ्चालन गर्न चाहनेहरुले स्वीकृति लिएरमात्र सञ्चालन गर्न सरोकारवाला सबैमा यो सूचना जारी गरिएको छ । सूचिकृत हुन तथा नयाँ सञ्चालन अनुमति सम्बन्धमा थप जानकारीका लागि धरान उपमहानगरपाकिलाको शिक्षा, युवा तथा खेलकुद महाशाखामा सम्पर्क राख्न समेत जानकारी गराईन्छ । साथै अनुगमन गर्ने क्रममा स्वीकृति नलिई सञ्चालन गरेको पाईएमा नियमानुसार कार्वाही हुने व्यहोरा समेत सबैमा जानकारी गराईन्छ ।

गणेशप्रसाद खतिवडा
शिक्षा महाशाखा प्रमुख

शिक्षा, युवा तथा खेलकुद महाशाखा